# पर्सागढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## हरपुर, पर्सा
## मधेश प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

**वोरिङ्ग जडान कार्यक्रम संचालन सम्बन्धि विस्तृत सूचना !**

(प्रथम पटक प्रकाशित सूचना २०८२/०८/२६)

यस पर्सागढी नगरपालिकाको कार्यालय हरपुर, पर्साको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम कृषि सिचाई आयोजना (तराई-मधेश समृद्धि कार्यक्रम/नेपाल सरकार) अनुसार वोरिङ्ग जडान गर्न यस पर्सागढी नगरपालिकाका ईच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषि उत्पादनमा संलग्न निजी फार्म/कृषि उद्यमीले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (२०८२/०९/१७ गते) सम्म यस कार्यालयमा आवश्यक कागजात सहित तोकिएको ढाँचामा प्रस्ताव पेश गर्न यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:

१. कार्यालयले निर्दिष्ट गरेको निवेदन।

२. आवेदक (व्यक्तिको हकमा) नागरिकता प्रमाणपत्रको फोटोकोपी ।

३. आवेदक कृषक समूह/कृषि सहकारी/कृषि उत्पादनमा संलग्न निजी फर्म/उद्यमिहरुको हकमा दर्ता नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि तथा स्थायीलेखा नम्बर (PAN) लिएको प्रमाणपत्रको फोटोकोपी र आ.व २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको फोटोकोपी र आयोजना प्रस्ताव गर्ने सम्बन्धमा कार्यकारिणीको निर्णयको फोटोकोपी ।

४. कृषक/कृषक परिवारको हकमा एकै ठाँउको २ विघा जग्गाको प्रमाण पुर्जा तथा कृषक समूह /कृषि सहकारी/ निजि फार्म / उद्यमीहरूको हकमा एकै ठाँउको ४ (चार) विघा जग्गा प्रमाण पुर्जा पेश गर्नु पर्ने छ र गुठी, अन्य जग्गाको हकमा लाभग्राहिले भोगचलन गरेको क्षेत्रफलको विवरण प्रमाणीत गरेको वडा कार्यालयको सिफारीस पत्र ।

५. माग गरेको वोरिङ्ग जडान हुने जग्गाको जग्गाधनी प्रमाणपत्र (सो नभए भोगाधिकार प्रमाणपत्र)को फोटोकोपी वा लिजमा लिएको जग्गाको हकमा लालपूर्जा र जग्गाधनीको मन्जुरीनामा समेत।

६. माग गरेको वोरिङ्ग जडान हुने जग्गाको फोटो, ब्लुप्रिन्ट/कम्प्युटरको प्रिन्टनक्सा ।

७. कृषक समूह/कृषि सहकारी/कृषि उत्पादनमा संलग्न निजी फर्म/उद्यमिहरुको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधिको नागरिकता प्रमाणपत्रको फोटोकोपी तथा अख्तियारी पत्र ।

८. सम्बन्धित वडा कार्यालयको आयोजना सञ्चालनको लागि सिफारिस पत्र।

९.समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायबाट यस वर्ष वा विगत २ वर्षहरुमा अनुदान नलिएको स्व-घोषणा पत्र।

अनुदानका शर्तहरु:

- यस कार्यक्रम अन्तर्गत स्वीकृत बजेट र कार्यक्रम संचालन कार्यविधी परिमार्जन संशोधन भए अनुसार थपघट हुने छ।
- विगत दुई आर्थिक वर्ष भित्रमा गरेको कार्यक्रम अन्तर्गत सुविधा पाइसकेकोलाई प्राथमिकता दिइने छैन।
- रित नपुगेका, म्याद नाघी प्राप्त भएका, झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बेला आवेदन रद्द हुनेछ तथा त्यसको जिम्मेवार स्वयं आवेदक नै हुनेछ।
- छोटो सुचीमा नपरेका/रित नपुगेका प्रस्तावहरु छनौटका लागि समावेश/स्थलगत निरीक्षण गरिने छैन ।
- अधिकतम् अनुदान प्रतिशत ८५ प्रतिशत हुनेछ, अन्य व्यवस्था मधेश प्रदेशको भूमिगत सिंचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१ र कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ मा व्यवस्था भए बमोजिम कायम हुनेछ ।
- आवश्यक थप कागजातहरु माँग गरेमा पेश गर्नु पर्ने छ । ती कागजातहरु बुझाउन नसके छनौट/सम्झौता/भुक्तानी गरिने छैन ।
- प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षीत रहने छ ।

२०८२/०८/२६

राजु प्रसाद साह
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

Scanned with CamScanner